नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov
Email:cdms.mofaga@gmai

प.सं.:-२०७५/७६
च.नं.:- ४१०

मितिः २०७६/०१/२९

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु, (सबै)

सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६/०१/२२ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को दोश्रो बैठकका केही निर्णयहरु स्थानीय तहसंग पनि सम्बन्धित भएकोले कार्यान्वयनका लागि अनुरोध भई गृह मन्त्रालयको प.सं. ७५/७६, च.नं. ३६०, मिति २०७६/०१/२३ को पत्र प्राप्त हुँदा उक्त निर्णय (पाना १) साथै राखी सोको कार्यान्वयनकालागि आदेशानुसार अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, (सबै)
श्री सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
दर्ता नं.:- १८६३२
मिति:- २०७६।१।२६

पत्र संख्या:- ०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ३६०

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति: २०७६।०१।२३

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६।०१।२२ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को दोश्रो बैठकको निर्णयको निर्णय नं. १, ४, ५, ६ र ७ तहाँसंग सम्बन्धित भएकोले कार्यान्वयनका लागि निर्णय (पाना १) यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(इन्दु घिमिरे)
सह-सचिब

सादर अवगतार्थ:
सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
माननीय मन्त्रीज्यूको निजी सचिवालय, गृह मन्त्रालय ।

श्री ...ज्यू
आवश्यक कार्यार्थ
१।२६

निर्णयहरु:(२०७६ वैशाख २२)

१. बाढी, पहिरो, डुबान, चटयाङ्ग, आगलागी, भूकम्प, महामारी लगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपद्को कारण हुन सक्ने क्षति न्यूनीकरणका लागि केन्द्रीय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, सम्बद्ध संघसंस्था तथा निकायले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य र आवश्यक राहत तथा पुनर्स्थापनाका लागि आ-आफ्नो क्षेत्रबाट आपसी समन्वयका साथ थप प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिने ।

२. विपद्को प्रकृति, मात्रा र त्यसबाट उत्पन्न परिस्थिति अनुरुप संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, जिम्मेवारी र जवाफदेहिताको सीमाङ्कन सम्बन्धमा कानूनी मस्यौदा तयार गर्न गृह मन्त्रालयलाई निर्देशन दिने।

३. विभिन्न तहमा रहेका विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन एवं राहत वितरणमा दोहोरोपना हटाउनका लागि विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी छाता ऐनको मस्यौदा तर्जुमा गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

४. विपद्सँग सम्बन्धित एकीकृत तथ्याङ्क व्यवस्थापनका लागि गृह मन्त्रालयको संयोजनमा तयार भईरहेको विपद् व्यवस्थापन सूचना प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहका सबै सम्बन्धित सरोकारवालाहरुले प्रयोगमा ल्याई संघ, प्रदेश र स्थानीय विपद् व्यवस्थापन समितिबाट भए गरेका कार्य र अन्य सम्बन्धित सूचनालाई एक आपसमा आदानप्रदान गर्न निर्देशन दिने ।

५. विपद्को जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि साविकका विषयगत मन्त्रालय वा अन्तर्गतका निकायबाट सम्पादन हुँदै आएका कतिपय काम कारवाही हाल प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुबाट सम्पादन हुँदै आएकोले प्रदेश, स्थानीय तहका सम्बद्ध कार्यालयहरुबाट विपद् जोखिम न्यूनीकरण तथा सम्भावित विपद्को रोकथाम र प्रतिकार्यका लागि उद्धार तथा राहतका सामग्रीहरु प्रदेश, जिल्ला र स्थानीय स्तरमा भण्डारण गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

६. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना अनुरुप प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो आवश्यकता र विपद्को प्रकृति अनुसार नीति तथा रणनीतिक कार्ययोजना तयार गरी तत्काल कार्यान्वयनमा ल्याउन निर्देशन दिने ।

७. विकासका नीति तथा योजनालाई विपद् जोखिम सूचनामा आधारित गर्ने राष्ट्रिय प्राथमिकता अनुरुप स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको विपद्को प्रकृति अनुरुप विपद्को नक्साङ्कन तथा मूल्याङ्कन अनिवार्य रुपमा गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् निर्देशन दिने ।

८. विपद्को समयमा हुने जनधनको क्षतिलाई मध्यनजर गर्दै सबै सुरक्षा निकायले तत्काल परिचालन हुन सक्ने गरी खोज तथा उद्धार टोली तयारी अवस्थामा राख्न निर्देशन दिने ।

९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७५।१२।२२ को बैठकबाट सिफारिस भई पेश भएको विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ (प्रथम संसोधन, २०७६) स्वीकृत गरियो ।